स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाद्वारा प्रकाशित

वर्ष ७, मध्यपुर थिमि, भक्तपुर, पौष २९ गते २०८० साल,

भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन नं...........

नगरसभाबाट स्वीकृत मिति : २०८०/०९/२९

प्रमाणीकरण मिति:२०८०/१०/२९

## नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल (संचालन तथा व्यवस्थापन) ऐन, २०८०

**प्रस्तावना:** नेपाल कोरिया मैत्री अस्पतालको व्यवस्थापन तथा संचालनलाई व्यवस्थित, प्रभावकारी तथा पारदर्शी बनाउन, अस्पतालको साधन श्रोतको व्यवस्थापन गर्न, गुणस्तरीय स्वास्थ सेवा प्रदान गर्न र अस्पतालको सेवालाई विस्तार तथा विकास गर्दै नगरपालिका तथा देशभरबाट आउने सेवाग्राहीलाई गुणस्तरीय स्वास्थ सेवाको लाभ पुर्याउन अस्पतालको साविकको विकास समिति गठन आदेशलाई संशोधन गरी कानुन निर्माण गर्न वान्छनीय भएकोले मध्यपुर थिमि नगरपालिकाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम “नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल (सञ्चालन तथा व्यवस्थापन) ऐन २०८०” रहेको छ। संक्षेपमा यसलाई मध्यपुर नगरपालिका अस्पताल भनिनेछ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा:-,

(क) “नगरपालिका भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) “अस्पताल” भन्नाले मध्यपुर थिमि नगरपालिका द्वारा सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल सम्झनु पर्छ ।

(ग) “समिति” भन्नाले यस अस्पताल सञ्चालन गर्न यस ऐनको दफा बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(घ) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “सदस्य” भन्नाले समितिका सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउंदछ।

(च) “सदस्य सचिव” भन्नाले यस अस्पतालका कार्यकारी निर्देशकलाई सम्झनु पर्दछ ।

(छ) “कर्मचारी” भन्नाले यस अस्पतालका चिकित्सक लगायत अन्य सवै कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) “तोकिएको वा तोकिए वमोजिम” भन्नाले यस ऐनमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ।

३. **समितिको गठन:** (१) अस्पतालले उपलब्ध गराउने चिकित्सा, शैक्षिक पठनपाठन तथा अन्य सेवामा अभिवृद्धि गर्दै अस्पतालको सेवा संचालन, विस्तार र सुदृढ गर्न एक अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ:

| | |
|---|---|
| (क) नगर प्रमुख, मध्यपुर थिमि नगरपालिका | अध्यक्ष |
| (ख) नगर उपप्रमुख, मध्यपुर थिमि नगरपालिका | सदस्य |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) नगरपालिकाका वडा नं. ५ का वडाध्यक्ष — सदस्य

(ङ) नगर सभा सदस्य मध्येबाट कार्यपालिकावाट मनोनित १ जना महिला सहित दुई जना सदस्य — सदस्य

(च) दातृ संस्थाहरु मध्येवाट समितिले मनोनित गरेको एकजना — सदस्य

(छ) नगरवासी समाजसेवी बुद्धिजीविहरु मध्ये २ जना महिलासहित समितिबाट मनोनित तीन जना — सदस्य

(ज) अस्पतालका कार्यकारी निर्देशक — सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरुको पदावधि नियुक्त भएको मितिले तीन वर्षको हुनेछ।

४. **मनोनित सदस्य पद मुक्त हुने अवस्थाः** देहायको अवस्थामा समितिका मनोनित सदस्यहरू पदमुक्त हुनेछन्:

(क) मनोनित सदस्यले राजिनामा दिएमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोग लागेमा,

(ग) समितिलाई मनासिव सुचना बेगर लगातार समितिको बैठकमा तीन पटक अनुपस्थित भएमा,

(घ) अन्य प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा बस्न अयोग्य भएमा ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) अस्पतालबाट प्रदान गर्ने स्वास्थ्य सेवा र सुविधाको शुल्क निर्धारण गर्ने,

(ग) स्वास्थ्य जांच एवं उपचारको निमित्त आवश्यक औषधी तथा सामाग्री सुलभ मूल्यमा विक्री प्रबन्ध गर्न फार्मेसी सेवाको व्यवस्थापन गर्ने,

(घ) अस्पताल सञ्चालन तथा व्यवस्थापन, विस्तार र विकास सम्वन्धी आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने,

(ङ) अस्पतालको वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(च) नगरपालिकाबाट सञ्चालित विभिन्न स्वास्थ्य चौकी, शहरी स्वास्थ क्लिनिक एवं स्वास्थ्य सम्बन्धी अन्य गैरसरकारी संघ संस्थासमेतलाई समन्वय गरी जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(छ) अस्पतालको भौतिक पूर्वाधारको विकास तथा विस्तार गर्ने वा गराउने,

(ज) अस्पतालको चल, अचल सम्पत्तिको संरक्षण, सञ्चालन तथा बृद्धि गर्ने, गराउने,

(झ) अस्पतालको विकास तथा विस्तारको लागि आवश्यक सहयोग जुटाउने,

(ञ) गरिब तथा असहायलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलव्ध गराउन श्रोतको व्यवस्थापन गर्ने,

(ट) अस्पतालको विकासमा विशेष योगदान गरेका व्यक्तिलाई सहुलियतमा सेवा उपलब्ध गराउने प्रबन्ध मिलाउने,

(ठ) अस्पताललाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ड) कर्मचारीहरूको कार्य मूल्याङ्कन आधार बनाइ आवश्यक दण्ड तथा पुरस्कार सम्बन्धी नीति निर्धारण गर्ने,



स्थानीय सरकार भक्तपुर थिमि नगरपालिका २०७३

(ढ) स्वास्थ्य सेवा सम्बन्धी विभिन्न अनुसन्धान एवं आवश्यक तालिम सञ्चालन गर्ने प्रवन्ध मिलाउने,

(ण) अस्पतालबाट भए गरेका कामको नियमित समीक्षा गर्ने,

(त) अस्पताल सञ्चालन र व्यवस्थापन विषयमा परामर्शको लागि अध्यक्षले आवश्यक सल्लाहकार नियुक्त गरेकोमा सोको जानकारी लिने,

(थ) सम्वन्धित निकायको स्वीकृतिमा अस्पतालको शैक्षिक कार्यक्रम संचालन गर्ने, गराउने,

(द) अस्पतालको लागि आवश्यक श्रोत जुटाउन प्रदेश तथा नेपाल सरकारको सहयोग परिचालन गर्ने,

(ध) अस्पतालको लागि वैदेशिक लगानीको श्रोत खोज्ने र सम्वन्धित निकायको स्वीकृति लिइ सहयोग प्राप्त गर्ने,

(न) अस्पताल सञ्चालन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(२) नगरपालिकालाई आर्थिक भार पर्ने गरी कार्यक्रम गर्नु पर्दा नगरपालिकावाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

६. **समितिको बैठक र निर्णय:** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ । तर समितिको बैठक आवश्यकताअनुसार बस्न यस उपदफाले वाधा पार्ने छैन ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिका एक तिहाई सदस्यले बैठक बोलाउनको लागि लिखित माग गरेमा सदस्य सचिवले अध्यक्षलाई सो कुराको जानकारी गराई समितिको बैठक वोलाउने छ ।

(४) समितिमा तत्काल कायम कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा वढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिन्छ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिले आवश्यक विशेषज्ञ तथा अनुभवी व्यक्तिलाई पर्यवेक्षकको रूपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **शैक्षिक संस्थाको स्थापना र संचालनः** (१) अस्पतालले सम्वन्धित निकायको स्वीकृति लिई स्वास्थ्य सम्वन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्न शैक्षिक संस्थाको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको शैक्षिक संस्थाको संचालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद २
## नगर अस्पताल सेवाको गठन

८. **नगर अस्पताल सेवाः** (१) अस्पतालमा एक नगर अस्पताल सेवा गठन गरिएको छ । अस्पतालमा देहाय बमोजिमका सेवाहरु रहनेछनः-

(क) प्रशासन सेवा

(ख) प्राविधिक सेवा

(ग) अस्पताल शिक्षा सेवा

स्थानीय सरकार
त्रियुगा थिमि नगरपालिका
२०७३

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको अस्पताल शिक्षा सेवा अस्पतालले शैक्षिक कार्यक्रम सन्चालन हुने स्वीकृति प्राप्त गरे पश्चात् मात्र गठन हुनेछ ।

९. **सेवामा रहने तह:** नगर अस्पताल सेवामा देहाय बमोजिमका तहहरु रहनेछः

| अधिकृत तह | सहायक तह |
|---|---|
| एघारौं | पाँचौ |
| दशौं | चौथो |
| नवौं | तेस्रो |
| आठौं | दोस्रो |
| सातौं | पहिलो |
| छैठौं | |

१०.**सेवाका पदहरुः** नगर अस्पताल सेवाका विभिन्न तहहरुमा विशेषज्ञ पद लगायत शिक्षक, प्राविधिक तथा प्रशासनिक पदहरु रहनेछ । त्यस्ता पदहरुको पद नामहरु तोकिए बमोजिम हुनेछ ।

११.**समुह तथा उपसमूहहरुः** सेवामा रहने पदहरुको कामको प्रकृति र ती कामलाई सम्पादन गर्न चाहिने न्यूनतम योग्यता र कार्य विशिष्टताको आधारमा तोकिए बमोजिमका समूह तथा उपसमूह गठन गर्न सकिनेछ ।

१२.**दरबन्दी सृजना वा हेरफेरः** (१) अस्पतालमा रहने पदहरु तोकिए बमोजिम सृजना वा हेरफेर गरिनेछ।

(२) अस्पतालको लागि नयाँ पद सिर्जना गर्न वा हेरफेर गर्न आवश्यक देखिएमा कार्यकारी निर्देशकले प्रशासन, लेखा तथा चिकित्सा सम्वन्धी कर्मचारीको प्रतिनिधित्व हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि एक संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको गठनको प्रस्ताव गरी दफा ३ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिमा नगरपालिकाको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदनलाई अस्पतालको कार्यक्रम र कार्यबोझ, आर्थिक दायित्व तथा अस्पतालको भावी सेवा विस्तार र सेवाको गुणस्तर विकासमा आउने सुधार समेतका आधारमा समितिले नयाँ दरबन्दी सृजना, वा पदहरुको हेरफेर गर्न सक्नेछ ।

(५) अस्पतालको दरबन्दी सिर्जना वा हेरफेर सम्वन्धी अन्य कार्य प्रक्रियाहरु तोकिए बमोजिम हुनेछ।

१३.यस ऐन बमोजिम अस्पतालमा कार्यरत स्थायी कर्मचारीहरुको सेवा शर्त नगरपालिकाको कर्मचारी सरह हुनेछ।

## परिच्छेद ३
## सेवाको पदपूर्ति

१४. **अस्पताल सेवाको पदपूर्तिः** अस्पतालमा तोकिएका पदहरु तोकिए बमोजिम पूर्ति गरिनेछ ।

१५. **पदपूर्ति समितिको गठनः** (१) सेवामा रिक्त रहन आएका पदमा खुला वा बढुवाद्वारा नियुक्तिको लागि उपयुक्त उम्मेदवारको छनौट गरी अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमका व्यक्तिहरु रहेको एक पदपूर्ति समितिको गठन गरिनेछः-

(क) चिकित्सा, शिक्षा, प्रशासन, कानूनको क्षेत्रमा १५ वर्ष भन्दा बढी कार्य अनुभव भएको समितिले तोकेको व्यक्ति - अध्यक्ष

(ख) नगर प्रमुखले तोकेको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) अस्पतालको कार्यकारी निर्देशक - सदस्य

(घ) अस्पतालको प्रशासन शाखा प्रमुख - सदस्य सचिव



स्थानीय सरकार भक्तपुर थिमि नगरपालिका २०७३

(२) पदपूर्ति समितिले पूर्ति गर्नुपर्ने पदसँग सम्बन्धित विज्ञलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) पदपूर्ति समितिको कार्यविधि सो समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

(४) पदपूर्ति समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ ।

१६. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐन बमोजिम पदपूर्तिको लागि माग हुन आएको कुल पदसंख्यामध्ये खुला प्रतियोगितात्मक परीक्षा, आन्तरिक प्रतियोगिताको आधारमा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाद्वारा पूर्ति गर्न पदसंख्या निर्धारण गर्ने,

(ख) खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने भनी निर्धारण गरिएको पद पूर्तिको लागि परीक्षाको किसिम निर्धारण गर्ने र त्यस्तो परीक्षा सञ्चालन गर्ने,

(ग) सञ्चालन गरिएको परीक्षामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रमको आधारमा नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने,

(घ) कार्यक्षमताको मूल्याङ्कनको आधारमा बढुवाद्वारा पदपूर्ति गर्ने भनी निर्धारण गरिएको पदसंख्या अनुसारको पदपूर्तिको लागि सम्भाव्य उम्मेदवारहरु मध्येबाट तोकिए बमोजिमको आधारमा योग्यताक्रम निर्धारण गरी बढुवाको लागि सफारिस गर्ने ।

(ङ) पदपूर्ति समितिले गर्ने भनि तोकी दिएका अन्य कार्य गर्ने ।

१७. **स्तर वृद्धिः** अस्पताल सेवाका तोकिएका तहका पदमा तोकिए बमोजिम स्तर वृद्धि गरिनेछ । यसरी स्तरवृद्धि गर्दा नगरपालिकाले प्रयोगमा ल्याएका आधारहरु लाई आधारको रुपमा लिनु पर्नेछ ।

१८. **स्तर वृद्धि नहुनेः** उपदफा १६ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा देहायको अवधिभर कर्मचारीलाई स्तर वृद्धि गरिने छैनः-

(क) निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

(ख) तलव वृद्धि वा बढुवा रोक्का भएकोमा तलव वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) असाधारण विदा बसेकोमा सो अवधिभर,

(घ) नसिहत पाएकोमा त्यस्तो नसिहत पाएको मितिले छ महिना सम्म,

(ङ) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्यसंग सम्वन्धित परिषदबाट नाम दर्ता निलम्वन भएकोमा त्यस्तो निलम्वन अवधिभर ।

१९. **नियुक्तिः** (१) अस्पतालको अधिकृत पदको नियुक्ति समितिले गर्नेछ ।

(२) अस्पतालको सहायक पदको नियुक्ति कार्यकारी निर्देशकले गर्नेछ ।

२०. **नियुक्तिको लागि अयोग्यताः** देहायका व्यक्तिहरु अस्पतालको पदमा नियुक्ति हुन सक्ने छैनन्:-

(क) सहायक तहको पदमा १८ वर्ष उमेर नपुगेको र अधिकृत तहको पदमा २१ वर्ष उमेर नपुगेको ।

(ख) पैतालिस वर्ष उमेर पुगेको

तर यो ऐन लागू भएपछि पहिलो पटक हुने स्थायी पदको परिक्षामा अस्पतालमा काम गरिरहका व्यक्तिलाई उमेरको हद लाग्ने छैन ।

(ग) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्वन्धी व्यावसायिक परिषदमा नाम दर्ता नभएका र नाम दर्ता नवीकरण नभएका

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका,

(ङ) गैर नेपाली नागरिक,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ।

२१. **सपथ ग्रहणः** पहिलो पल्ट नियुक्ति भै आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक कर्मचारीले तोकिए बमोजिमको सपथ ग्रहण गर्नु पर्नेछ ।

२२. **पदस्थापनाः** कर्मचारीलाई पदस्थापना गर्दा निजको शैक्षिक योगयता, तालिम र अनुभवको आधारमा गरिनेछ ।

२३. **परीक्षण कालः** अस्पतालको स्थायी पदमा नयाँ नियुक्ति गर्दा महिला कर्मचारीको हकमा छ महिना र पुरुष कर्मचारीको हकमा एक वर्षको परीक्षण काल हुनेछ । परीक्षण कालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ । एक पटक परीक्षणकाल भुक्तान गरेको कर्मचारीलाई पुनः परीक्षण कालमा राखिने छैन ।

२४. **बढुवाः** नगर अस्पताल सेवामा बढुवा गर्दा शैक्षिक योग्यता, कार्य अनुभव, तालिमर कार्य सम्पादनबाट प्राप्त अंकको आधारमा सबै भन्दा बढी अंक पाउनेलाई बढुवा गरिनेछ । शैक्षिक योग्यता, कार्य अनुभव, तालिमर कार्य सम्पादनबाट प्राप्त अंक र बढुवा सम्वन्धी अन्य आधारमा तोकिए बमोजिम हुनेछ ।

२५. **बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउनेः** (१) दफा २४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-

(क) निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

(ख) तलव वृद्धि वा बढुवा रोक्का भएकोमा तलव वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) असाधारण विदा बसेकोमा सो अवधिभर,

(घ) नसिहत पाएकोमा त्यस्तो नसिहत पाएको मितिले छ महिना सम्म,

(ङ) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्यसंग सम्वन्धित परिषदबाट नाम दर्ता निलम्वन भएकोमा त्यस्तो निलम्वन अवधिभर ।

२६. **कार्य सम्पादन मुल्यांकनः** कर्मचारीको कार्य सम्पादनको मुल्यांकन गर्न तोकिए बमोजिमको कार्य सम्पादन मुल्यांकन फारम प्रयोग गरिनेछ ।

२७. **कार्यकारी निर्देशकको नियुक्तिः** (१) अस्पतालमा एक कार्यकारी निर्देशक रहनेछ ।

(२) नगरपालिकाका प्रमुखले कार्यकारी निर्देशकको नियुक्ति अस्पतालमा कार्यरत दशौं तहका व्यक्तिहरुमध्येबाट कार्य क्षमता र अनुभवका आधारबाट गर्न सक्नेछ ।

(३) दफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले कार्यकारी निर्देशकको नियुक्ति खुला प्रतिस्पर्धाको माध्यमबाट गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम कार्यकारी निर्देशक नियुक्ति गर्नु पर्दा नगरपालिकाका प्रमुखले देहायको एक सिफारिस समिति गठन गर्नेछः

(क) नगरपालिकाका प्रमुखले मनोनयन गरेको नेपाल सरकार वा प्रदेश सरकारको सेवाबाट अवकाश प्राप्त गरेका विशिष्ट श्रेणी वा सो सरहका कर्मचारी वा विश्वविद्यालय वा शिक्षण संस्थाका प्राध्यापक -संयोजक

(ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगरपालिका प्रमुखले मनोनयन गरेको विज्ञ -सदस्य

(४) समितिले कार्यकारीको नियुक्ति सिफारिश गर्दा निजको शैक्षिक योग्यता, कार्य अनुभव, नेतृत्व क्षमता, निर्णय क्षमता र निजले अस्पतालमा सम्पादन गर्नु पर्ने जिम्मेवारीको आधारमा प्रस्तुत कार्य योजना जस्ता विषयमा सम्वन्धित उम्मेदवारको मुल्यांकन गरी तीन जनाको नामावली सिफारिश गर्नु पर्नेछ ।

(५) समितिबाट सिफारिश भएका उम्मेदवार मध्येबाट नगरपालिकाका प्रमुखले एक जनालाई कार्यकारी निर्देशकको रूपमा नियुक्त गर्नेछ ।

(६) समितिले कार्यकारी निर्देशक छनौट सम्वन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२८. **कार्यकारी निर्देशकको पदावधिः** कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ तथा निजको पुनः नियुक्ति हुन सक्नेछ ।

२९. **पारिश्रमिक तथा सेवा शर्त सम्वन्धी व्यवस्थाः** कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा, शर्त सुविधा सम्वन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

३०. **कार्यकारी निर्देशकको योग्यताः** (१) कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनु पर्नेछः

(क) चिकित्सा शिक्षा वा जनस्वास्थ्य वा अस्पताल व्यवस्थापन वा व्यवस्थापन विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरेको,

(ख) चिकित्सा शिक्षा वा जनस्वास्थ्य वा अस्पताल व्यवस्थापन वा सार्वजनिक व्यवस्थापनको क्षेत्रमा दश वर्षको अनुभव भएको,

(ग) ६० वर्ष उमेर ननाघेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग लागि सजाय नपाएको,

(ङ) अन्य प्रचलित कानून बमोजिम अयोग्य नभएको,

३१. **कार्यकारी निर्देशक पद मुक्त हुने अवस्थाः** (१) कार्यकारी निर्देशक देहायको अवस्थामा पद मुक्त हुनेछ।

(क) निजले राजिनामा दिएमा,

(ख) निजले अस्पतालको सम्पत्ति हिनामिना गरेमा,

(ग) निजको कार्य सम्पादन सन्तोषजनक नभएमा,

(घ) निज प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा बस्न अयोग्य भएमा,

(ङ) समितिलाई जानकारी नगराई ३० दिन भन्दा बढी अवधि अनुपस्थित भएमा,

(च) पैसठ्ठी वर्ष उमेर पुरा भएमा ।

(छ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिव माफिकको मौका दिनु पर्नेछ ।

३२. **कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(१) समितिको सचिवको रूपमा कार्य गर्ने ।

(२) अध्यक्षको निर्देशन अनुसार समितिको वैठक बोलाउने ।

(३) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(४) अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आबश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि पेश गर्ने ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(५) अस्पतालको शैक्षिक कार्यक्रम संचालनको पूर्वाधार विकास गर्ने, शैक्षिक कार्यक्रम संचालन स्वीकृति तथा सन्चालन सम्वन्धी काम गर्ने।

(६) अस्पताल सुचारू, सञ्चालन गर्न आवश्यक व्यवस्थापन मिलाउने । अस्पतालबाट प्रदान गरिने सेवामा गुणस्तर कायम गर्न आवश्यक प्रवन्ध गर्ने ।

(७) स्वीकृत दरबन्दी अनुसार आवश्यक कर्मचारी नियुक्ति गर्ने तथा कर्मचारीहरूलाई कामको जिम्मेवारी तोक्ने ।

(८) तोकिएको जिम्मेवारी अनुसार काम नगर्ने कर्मचारीको तलब, पारिश्रमिक सुविधा आदि कट्टा गर्ने वा त्यस्तो कर्मचारीलाई सेवाबाट बर्खास्त वा निष्काशन समेतको आवश्यक कारवाहीको लागि समितिमा सिफारिस गर्ने ।

(९) कर्मचारीको राजिनामा स्विकृत गर्ने ।

(९) अस्पतालको सम्पूर्ण चल अचल सम्पत्तिको रेखदेख गर्ने र दैनिक आयव्ययको हिसाब र लेखा दुरूस्त राख्ने, लेखापरीक्षण गराउने तथा आर्थिक व्यवस्थापन गर्ने, गराउने ।

(१०) समितिले तोकेको अन्य कामहरू गर्ने ।

## परिच्छेद ४
## तलब, चाडवाड खर्च र अन्य सुविधा

३३. तलब भत्ताः (१) कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिन देखि तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ ।

(२) कर्मचारीले अस्पताल सेवामा रही काम गरे वापत पाउने तलब भत्ता समितिले समय समयमा समितिले तोकी दिए बमोजिम हुनेछ ।

(३) कर्मचारीले एक वर्षको सेवा पुरा गरे पछि समितिले तोकि दिए बमोजिमको तलब वृद्धि (ग्रेड) पाउनेछ ।

३४. पकाएको तलब भत्ता पाउने : कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि तलब भत्ता पाउनेछ । कुनै कर्मचारीले पकाइसकेको तलब भत्ता निज जुनसुकै बेहोराबाट सेवामा नरहे पनि पाउनेछ ।

३५. कार्यदक्षता सीमा पार गर्ने : कुनै कर्मचारी कार्यदक्षता सीमा पार गर्नकोलागि योग्य छ भनी अधिकृत तहको कर्मचारीको हकमा समितिले तथा सहायक र प्रारम्भिक तहका कर्मचारीको हकमा कार्यकारी निर्देशकले लिखित रुपमा नजनाएसम्म कुनै कर्मचारीले कार्यदक्षता सीमा पार गरेको मानिने छैन । कार्यदक्षता सीमापार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. निलम्वन भएमा पाउने तलवः (१) कुनै कर्मचारी अस्पतालको कामको वा नेपाल सरकारको कारवाहीको फलस्वरूप निलम्वन भएमा सो निलम्वनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ ।

तर लागेको आरोप प्रमाणित नभई निजले सफाई पाएमा निलम्वन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै तलव र चाडवाड खर्च पाउनेछ ।

(२) कुनै कर्मचारी उपदफा (१) मा उल्लिखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्वनमा रहन गएको रहेछ भने निजले त्यसरी निलम्वनमा रहेको अवधिको तलब पाउने छैन ।

३७. संचय कोषमा थप गरी दिनेः कर्मचारीहरुको मासिक तलबबाट १० प्रतिशत कट्टी गरी सो मा अस्पतालले १० प्रतिशत रकम थप गरी दिनेछ । यस्तो रकम समितिले निर्धारण गरेको कोषमा जम्मा गरिनेछ ।

३८. चाडवाड खर्चः अस्पतालमा सेवारत कर्मचारीले आफ्नो धर्म संस्कृति, परम्परा अनुसार मनाइने प्रमुख चाडवाडको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडवाड खर्चको रुपमा पाउनेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

यस्तो रकम कर्मचारीले एक आर्थिक वर्षमा एक पटकमा आफ्नो धर्म संस्कृति, परम्परा अनुसार मनाइने प्रमुख चाडवाडमा भुक्तानी लिन सक्नेछ ।

३९. अन्य सुविधाः अस्पतालका कर्मचारीले पाउने बीमा लगायत अन्य सुविधा समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद ५
## अवकाश, उपदान र निवृत्तिभरण

४०. अनिवार्य अवकाशः (१) साठी वर्ष उमेर पुरा भएका अस्पतालका कर्मचारीले सेवाबाट स्वतः अवकाश पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्पताललाई साठी वर्ष पुरा भै अवकाश भएका विशेषज्ञ चिकित्सक वा शैक्षिक सेवाका विशेषज्ञ शिक्षकको सेवा आवश्यक परेमा समितिले एक पटकमा एक वर्षमा नबढ्ने गरी बढीमा तीन वर्षको अवधि थप गर्न सक्नेछ ।

४१. उपदान तथा निवृत्तिभरणः (१) अस्पतालमा सेवारत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषको कार्यक्रममा आवद्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम रकम जम्मा गरे पछि संचयकोष, निवृत्तिभरण, उपदान, औषधी उपचार, शैक्षिक वृत्ति, सन्तति वृत्ति जस्ता सुविधाहरु अस्पतालले व्यहोर्ने छैन ।

(३) यस उपदफामा अन्यत्र जेसुकै लेखिएको भए तापनि अस्पतालको आर्थिक अवस्थाले उक्त सुविधा व्यहोर्न नसक्ने भएमा समितिले सम्वन्धित कर्मचारीहरुसंगको परामर्शमा कोष कट्टी वा केही समयका लागि सुविधा कम गर्ने वा स्थगन गर्ने व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद ६
## आचरण

४२. समय पालन र नियमितताः कर्मचारीले अस्पतालबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनु पर्दछ । विदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुंदैन । अस्पताललाई आवश्यक पर्दा जुनसुकै समयमा पनि उपस्थित हुनु पर्नेछ ।

४३. अनुशासन र आज्ञा पालनः (१) कर्मचारीले अनुशासनमा रही आफ्नो काम र कर्तव्य इमान्दारीपुर्वक र तत्परताका साथ पालना गर्नु पर्नेछ ।

(२) सबै कर्मचारी अस्पतालको हित, नीति र कार्यक्रम प्रति प्रतिबद्ध हुनु पर्नेछ । अस्पतालको हितलाई व्यक्तिगत तथा समूहको हित भन्दा माथि राख्नु पर्नेछ ।

(३) कर्मचारीले अस्पतालको कामको सिलसिलामा अधिकार प्राप्त अधिकारीले खटाएको कार्यालय वा स्थानमा गई आफूलाई तोकिएको जिम्मेवारीको पालना गर्नु पर्नेछ ।

४४. तटस्थता र पेशाविदता : (१) कुनै पनि कर्मचारी दलगत राजनीतिमा संलग्न हुन वा दलगत राजनीतिक कृयाकलापमा भाग लिन हुँदैन ।

तर यसबाट प्रचलित कानून बमोजिम आफुले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

(२) कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य कर्मचारी माथि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न वा शारीरिक वा मानसिक उत्पीडन हुने गरी दवाव दिन वा हडताल वा कलम बन्द गर्न वा सो गर्ने उदेश्यले अरुलाई उक्साउन हुदैन ।

स्थानीय सरकार भक्तपुर ... नगरपालिका २०७३

(३) कर्मचारीले आफ्नो कामका सन्दर्भमा सदैव पेशाविदता (प्रोफेसनालिजम्) का मूल्य मान्यताहरु अनुवरण गर्नु पर्नेछ । बस्तुवादी सोंच, निष्पक्ष व्यवहार र दक्षता अभिवृद्धिमा निरन्तर लगाव राखी आफूलाई उदाहरणीय व्यक्तित्वको रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

४५. सदाचार एवं नैतिकता : (१) कर्मचारीले अस्पताल र मातहतका निकायहरुले गर्नुपर्ने काममा प्रभाव पर्न सक्ने गरी कुनै पनि प्रकारको दान, दातव्य, उपहार, कोशेली वा चन्दा माग्ने वा स्वीकार गर्ने कार्य आफै वा आफ्नो परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्ति मार्फत गर्नु गराउनु हुँदैन ।

(२) कर्मचारी सदैव सेवा भाव प्रति निष्ठावान रहनुका साथै सेवाग्राही सँग शिष्ट व्यवहार प्रदर्शन गर्नु पर्नेछ ।

(३) साधन श्रोतको परिचालन एवं उपयोग गर्दा अस्पताललाई अधिकतम फाईदा पुग्ने गरी गर्नु पर्नेछ । अस्पतालको चल तथा अचल सम्पत्तिको हिफाजत, संरक्षण वा सुरक्षा गर्नु गराउनु सबै कर्मचारीको कर्तव्य हुनेछ ।

(४) कर्मचारीले जानाजान वा लापरवाही वा गैर जिम्मेवारी ढंगबाट अस्पतालको अहित हुने वा हानी नोक्सानी पुग्ने गरी काम गर्न हुदैन।

(५) कर्मचारीले कार्यालयमा मादक पदार्थ सेवन गर्न वा कसै प्रति अभद्र व्यवहार गर्न वा कार्यालय भित्र वा बाहिर सामाजिक दृष्टिले अनुपयुक्त एवं अनुचित कुनै व्यवहार गर्न वा अरुलाई दुरुत्साहन गर्न हुँदैन ।

४६. प्रदर्शन र हड्ताल गर्नमा प्रतिवन्धः कर्मचारीले नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी वा देशको शान्ति, सुरक्षा, वैदेशिक सम्वन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी विभिन्न जात, जाती, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरु बीच वैमनस्य उत्पन्न गराउने वा साम्प्रदायिक दूर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने तथा अस्पतालको सेवा प्रवाहलाई अवरोध हुने गरी प्रदर्शन गर्न वा अस्पतालको सम्पत्तिमा हानी नोक्सान गर्न वा हडतालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

४७. आचरण सम्वन्धी अन्य व्यवस्थाः आचरण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. सम्पत्तिको विवरण पेश गर्नु पर्ने : (१) कर्मचारीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण तोकिए बमोजिमको ढाँचामा तयार गरी प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तोकिएको अवधिभित्र प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ७
## सेवाको सुरक्षा र पुरस्कार

४९. कर्मचारीको सेवाको सुरक्षा : (१) भ्रष्टाचार गरेको वा नैतिक पतन देखिन फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको वा प्रचलित कानूनबमोजिम स्थापना भएको कर्मचारीको व्यवसायसँग सम्बन्धित व्यावसायिक परिषद् वा सो सरहको निकायको दर्ता किताबबाट निजको नाम हटाइएको अवस्थामा बाहेक कर्मचारीलाई सफाइको सबूद दिने मनासिब माफिकको मौका नदिई सेवाबाट हटाइने वा बर्खास्त गरिनेछैन ।

(२) उपविनियम (१) मा उल्लिखित अवस्थाका कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले पर्चा खडा गरी सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

५०. कर्मचारीको बचाउ : कुनै पनि कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै कामको सम्बन्धमा निज उपर दायर भएको मुद्दाको प्रतिरक्षा अस्पतालले गर्नेछ ।



स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

५१. प्रोत्साही पुरस्कार : अस्पतालको उत्पादकत्व अभिवृद्धिको लागि कर्मचारीहरुलाई सदैव सजग तथा प्रयत्नशील तुल्याउन आफ्नो लगनशीलता र सीपको प्रयोग गरी उत्कृष्ट एवं अनुकरणीय काम गर्ने कर्मचारीलाई अस्पतालले तोकेको कार्यविधिको अधिनमा रही पुरस्कृत गर्न सकिनेछ ।

## परिच्छेद - ८
## सजाय र पुनरावेदन

५२. सजाय : उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई देहाय बमोजिमको सजाय दिन सकिनेछ :-

(क) नसिहत दिने,

(ख) बढीमा दुई तलब वृद्धि रोक्का गर्ने वा तलवको शुरु स्केलमा घटुवा गर्ने,

(ग) आर्थिक हानिनोक्सानी असूल उपर गर्ने,

(घ) भविष्यमा अस्पतालको सेवा वा अन्य सार्वजनिक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(ङ) भविष्यमा अस्पतालको सेवा वा अन्य सार्वजनिक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

५३. नसिहत दिने : देहायको कुनै अवस्थामा कर्मचारीलाई नसिहत दिन सकिनेछ :-

(क) अनुशासन र आज्ञा पालन नगरेमा,

(ख) नियमित समय पालन नगरेमा,

(ग) पदीय दायित्व तथा जिम्मेवारी पूरा नगरेमा,

(घ) अस्पतालको हाताभित्र धुम्रपान गरेमा,

(ङ) सेवाग्राहीसँग नराम्रो व्यवहार गरेमा,

(च) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा ।

५४. बढीमा दुई तलब वृद्धि रोक्का गर्ने वा तलवको शुरु स्केलमा घटुवा गर्ने : देहायको अवस्थामा कुनै कर्मचारीलाई बढीमा दुई तलब वृद्धि रोक्का गर्ने वा तलवको शुरु स्केलमा घटुवा गर्ने सजायको आदेश दिन सकिनेछ :-

(क) आर्थिक प्रशासन सम्बन्धी विनियममा तोकेको म्यादभित्र आफ्नो जिम्मामा रहेको नगदी, जिन्सी बरबुझारथ नगरेमा,

(ख) विरामीको उपचारको सन्दर्भमा सम्बन्धित चिकित्सक, स्वास्थ्यकर्मी वा अधिकारीले दिएको आदेशको पालना नगरेमा,

(ग) आचरण सम्बन्धि व्यवस्था उल्लंघन गरेमा,

(घ) एक पटक नसिहत सजाय पाएको कर्मचारीले सोही पदमा रहँदा पुनः सोही प्रकारको कसुर गरेमा ।

५५. भविष्यमा अस्पतालको सेवा वा अन्य सार्वजनिक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने : देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा अस्पताल वा अन्य सार्वजनिक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) काम सन्तोषजनक नभएमा,

स्पष्टिकरण : यस खण्डको प्रयोजनको लागि कार्यसम्पादन मूल्यांकन अन्तर्गत 'विषयवस्तुको ज्ञान र सीप/तथा सम्बन्धित कामको गुणस्तर÷ प्रत्येक आधारमा असी प्रतिशत भन्दा कम वा कार्यसम्पादन मूल्यांकन



स्थानीय सरकार
२०७३

वापत औषतमा असी प्रतिशत भन्दा कम अङ्क हासिल गरेको अवस्थालाई काम सन्तोषजनक नभएको मान्न सकिनेछ ।

(ख) बढीमा दुई तलब वृद्धि रोक्का गर्ने वा तलवको शुरु स्केलमा घटुवा गर्ने र आर्थिक हानी नोक्सानी उपर सजाय पाएको कर्मचारीले सोही पदमा रहँदा पुनः सोही प्रकारको कसुर गरेमा,

(ग) अख्तियारवालाको पूर्व स्वीकृति नलिई कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिएमा, प्रचलित कानूनबमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गरेमा वा त्यस्तो संस्थामा काम गरेमा वा अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गरेमा,

(घ) मनासीव माफिकको कारण परी सोको जानकारी गराएको अवस्थामा वाहेक बिदा स्वीकृत नगराई लगातार सात दिन अस्पतालमा अनुपस्थित भएमा,

(ङ) प्रचलित कानून बमोजिम स्थापना भएको आफ्नो व्यवसायसँग सम्बन्धित व्यावसायिक परिषद् वा सो सरहको आधिकारिक निकायको नाम दर्ता किताबबाट नाम हटाईएमा,

(च) जानी जानी लापरवाही वा हेलचक्रयाँईपूर्ण तरिकाबाट गरेको कामको परिणाम स्वरुप विरामीको स्वास्थ्यमा गंभिर असर पुगेमा,

(छ) अन्य निकाय वा संस्थामा पूर्णकालिन कर्मचारीको रुपमा काम गरेमा,

(ज) अस्पतालले तोकेको समयमा काममा वाधापर्ने गरी अस्पतालको स्वीकृति विना कुनै पनि शिक्षण संस्थामा पूर्णकालीन रुपमा अध्ययनरत रहेमा,

(झ) समितिको सदस्य वा अस्पतालको कुनै पनि कर्मचारीलाई आफ्नो कर्तव्य पूरा गर्नमा बाधा विरोध गरेमा वा शारीरिक वा मानसिक उत्पीडन हुने गरी दबाब दिएमा वा घेराउ गरेमा वा हडताल वा कलमबन्द वा अस्पतालको सेवा अवरुद्ध गरे, गराएमा,

(ञ) अस्पतालको कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा प्रचलित कानूनबमोजिम गोप्य राख्नु पर्ने विषयको सम्बन्धमा लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा सो सम्बन्धी जानकारी अख्तियारवालाको अनुमति बिना प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत कर्मचारी, व्यक्ति वा प्रेसलाई दिएमा वा बताएमा,

(ट) अस्पतालको नीति विपरित हुने गरी वा नेपाल सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने कुनै पनि विषयमा कुनै कर्मचारीले आफ्नो काल्पनिक वा वास्तविक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गरेमा वा आम सञ्चारको माध्यमबाट त्यस्तो विषयको प्रचार, प्रसार गरेमा वा सार्वजनिक भाषण दिएमा वा वक्तव्य प्रकाशित गरेमा,

(ठ) अस्पतालको सम्पत्तीको दुरुपयोग गरेमा ।

५६. भविष्यमा अस्पतालको सेवा वा अन्य सार्वजनिक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने : देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा अस्पताल वा अन्य सार्वजनिक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ :-

(क) भ्रष्टाचार वा आर्थिक अनियमितता गरेको प्रमाणित भएमा,

(ख) कर्मचारी आफैंले वा आफ्नो परिवारको कुनै सदस्य मार्फत अस्पतालको कामसंग सम्बन्धित व्यक्तिहरुसँग अवाञ्छित दान, उपहार, चन्दा स्वीकार गरेको वा आर्थिक अनियमितता गरेको वा कुनै प्रकारको कमिसन वा गैरकानूनी रुपमा रकम लिएको प्रमाणित भएमा,



स्थानीय सरकार
भद्रपुर थिमि नगरपालिका
२०७३

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी, देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी, विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरुबीच वैमनस्यता उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी वा अस्पतालले उपलब्ध गराउने स्वास्थ्य सेवामा प्रतिकूल असर पर्ने गरी प्रदर्शन गरेमा वा हड्तालमा भाग लिएमा वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साएमा,

(घ) जानी जानी लापरवाही वा हेलचक्र्याँई पूर्ण तरिकाबाट गरेको कामको परिणाम स्वरुप विरामीको मृत्यु भएमा,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा ।

५७. विभागीय सजायको आदेश दिने अधिकारी : सजायको आदेश दिने अधिकार देहाय बमोजिमका कर्मचारीको हकमा देहाय बमोजिमका अधिकारीलाई हुनेछः-

(क) सहायक तह सम्मका कर्मचारीलाई कार्यकारी निर्देशक,

(ख) अधिकृत तहका कर्मचारीको हकमा ऐनको दफा ५२ र ५३ बमोजिमको सजाय गर्नु परेमा कार्यकारी निर्देशक

(ग) ऐनको दफा ५४ र ५५ बमोजिमको सजाय गर्नु परेमा समितिका सदस्य मध्येबाट गठन गरेको तीन सदस्य उपसमितिको छानवीन तथा सिफारिशका आधारमा समितिले ।

५८. विभागीय सजाय र पुनरावेदन कार्यविधिः यस ऐन बमोजिम गरिने विभागीय सजाय र पुनरावेदन दिने सम्वन्धी कार्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

५९. पुनरावेदन सुन्ने अधिकारी : सजायको आदेश दिने पाउने अधिकारीले यस ऐनको दफा ५६ बमोजिम दिएको सजायको आदेश उपर पुनरावेदन सुन्ने अधिकार समितिलाई हुनेछ ।

## परिच्छेद ८
## कोष स्थापना र संचालन

६०. अस्पतालको कोषः (१) अस्पतालको एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन ।

(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान/सहयोग,

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान वा ऋण,

(ग) प्रदेश सरकारबाट प्राप्त हुने अनुदान,

(घ) गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने अनुदान वा सहयोग,

(ङ) व्यक्ति बिशेषबाट प्राप्त हुने अनुदान तथा सहयोगको रकम,

(च) अस्पतालले सेवा प्रदान गरे वापत प्राप्त हुने सेवा शुल्कको रकम,

(छ) अस्पतालको अन्य आय,

(ज) अन्य श्रोतवाट प्राप्त अनुदान तथा सहयोग रकम,

(३) कुनै विदेशी सरकारी वा अन्तर्राष्ट्रिय संघ संस्थावाट कुनै अनुदान वा सहयोग रकम प्राप्त गर्नु अघि नगरपालिकामार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको "क" वर्गको वाणिज्य बैंकमा अस्पतालको नाममा खाता खोली जम्मा गरिनेछ ।

स्थानीय सरकार ... भिमि नगरपालिका २०७३

(५) अस्पतालको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) अस्पताल कोषको सञ्चालन समितिले तोकिदिए बमोजिम हुनेछ ।

६१. **सम्वन्धित कार्यको लागि खर्च गर्नुपर्ने:** सरकारी गैरसरकारी एवं व्यक्ति विशेषबाट प्राप्त सहयोग रकम जुन कार्यक्रम वा कामको लागि प्राप्त भएको हो सोही कार्यक्रम वा काममा खर्च गर्नु पर्नेछ।

६२. **लेखा तथा लेखापरिक्षण:** (१) अस्पतालको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम बमोजिम राखिनेछ ।

(२) अस्पतालको आन्तरिक आय व्ययको लेखापरीक्षण नगरपालिकाबाट हुनेछ ।

(३) अस्पतालको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा महालेखा परीक्षकले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(४) नगरपालिकाले चाहेमा जुनसुकै बखत अस्पतालको चल अचल सम्पत्ति तथा आय व्ययको हिसाब किताब जाँच गर्न वा गराउन सक्नेछ ।

६३. **प्रतिवेदन पेश गर्ने:** अस्पतालले बर्षभरि गरेको कामको प्रतिवेदन प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ९

## विविध

६४. **अधिकार प्रत्यायोजन:** (१) समितिले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकार सदस्य, कार्यकारी निर्देशक वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर विभागीय सजाय गर्ने अधिकार र पुनरावलोकन सुन्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन।

(२) कार्यकारी निर्देशकले यस ऐन बमोजिम आफूमा भएको अधिकार आफु मुनिका अस्पतालका अन्य बरिष्ठ कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

६५. **उपसमिति गठन गर्न सक्ने:** (१) समितिले आफ्नो काम कारर्वाही सुचारु रूपले सम्पन्न गर्नको लागि आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिन गठित उपसमितिको काम, कर्तव्यको शर्त, कार्यविधि तथा कार्यावधि र उपसमितिका सदस्यहरूले पाउने सुविधा उपसमिति गठन गर्दाकै बखत तोकिदिए बमोजिम हुनेछ।

६६. **निर्देशन पालना गर्ने:** (१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको निर्देशनको पालना गर्नु, गराउनु समितिको कर्तव्य हुनेछ ।

(२) समितिले गरिने काम कारवाहीको सम्वन्धमा नगरपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) वमोजिमको निर्देशन पालना गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

६७. **बैठक भता:** समितिको बैठक भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

६८. **सरकारी तथा वैदेशिक संघ संस्थासँग सम्पर्क:** समितिले नेपाल सरकार, प्रदेश सरकार एवं वैदेशिक संघ संस्थासँग सम्पर्क राख्दा नगरपालिकामार्फत राख्नु पर्नेछ ।

६९. **कामकाज गर्न खटाउने:** नगरपालिकाले नगरपालिकामा कार्यरत कर्मचारी वा अस्पतालमा कार्यरत कर्मचारीलाई एक अर्को निकायमा समान तहको पदमा कामकाज गर्न खटाउन सक्नेछ।

७०. **नियम बनाउने अधिकार:** यस ऐन बमोजिमको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

स्थानीय सरकार
भक्तपुर थिमि नगरपालिका
२०७३

७१. **कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः** यो ऐन तथा नियमको अधिनमा रही समितिले आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

७२. **तोक्न सक्नेः** यस ऐनमा अन्यत्र जुन सुकै कुरा लेखेको भएतापनि कुनै कारणले कार्यकारी निर्देशक वा दफा ३ बमोजिमको समिति कायम नरहेको अवस्थामा नगरपालिकाले वैकल्पिक व्यवस्था गर्न सक्नेछ।

७३. **बाधा फुकाउः** यस ऐन बमोजिम अस्पताल सञ्चालनमा बाधा आईपरेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार समितिमा निहित रहनेछ ।

७४. **खारेजी र बचाऊः** (१) नेपाल कोरिया मैत्री अस्पताल संचालन र व्यवस्थापन आदेश, २०७७ खारेज गरिएको छ ।

(२) नेपाल कोरिया मैत्री अस्पताल संचालन र व्यवस्थापन आदेश, २०७७ बमोजिम भए गरेका समितिका सम्पूर्ण काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मिति २०८०।१०।२९

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

२०८०।१०।२९

आज्ञाले
केशब सिलवाल
नि. प्रमुख प्रशासकीय अधिकृत